नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

खण्ड २, संख्याः १२, फागुन १ गते, २०७५ साल

व्यास नगरपालिकाको नगर सभाले बनाएको तल लेखिए बमोजिमको संशोधित ऐन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) अनुसार सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## भाग १

सभाबाट पारित मितिः २०७५।१०।२९

# व्यास नगरपालिकाको संशोधित विनियोजन ऐन, २०७५

**प्रस्तावनाः** व्यास नगरपालिकाको आर्थिक वर्ष २०७५।०७६ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा (२) ले दिएको अधिकार प्रयोग गरी व्यास नगर सभाले यो ऐन सञ्चित कोषबाट रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्ने सम्बन्धी यो संशोधित ऐन बनाई लागु गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस विधेयकको नाम “व्यास नगरपालिकाको संशोधित विनियोजन ऐन, २०७५” रहेको छ ।

(२) यो ऐन नगर सभाबाट पारित भएको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषा**ः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) “ऐन” भन्नाले व्यास नगरपालिकाको संशोधित विनियोजन ऐन, २०७५ सम्झनुपर्छ ।

(ख) “कार्यपालिका” भन्नाले व्यास नगर कार्यपालिका सम्झनुपर्छ ।

(ग) “नगरपालिका” भन्नाले व्यास नगरपालिका सम्झनुपर्छ ।

(घ) “सभा” भन्नाले व्यास नगरपालिकाको सभा सम्झनुपर्छ ।

(ङ) “संविधान” भन्नाले नेपालको संविधान सम्झनुपर्छ ।

३. **आर्थिक वर्ष २०७५/०७६ को लागि सञ्चित कोषबाट रकम खर्च गर्न सक्नेः**

आर्थिक वर्ष २०७५/०७६ को निमित्त कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका लागि अनुसूची (१) मा उल्लिखित चालु खर्च, पूँजीगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रु.१,२०,२२,८५,५१२।६८ (अक्षेरुपी एक अरब बीस करोड बाइस लाख पचासी हजार पाँच सय रुपैयाँ र अड्सठ्ठी पैसा मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

४. **विनियोजनः**

(१) यस विधेयकद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५/०७६ को निमित्त व्यास नगरपालिकाको कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एकभन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ ।

(४) पूँजीगत खर्च र वित्तीय व्यवस्थापनतर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थापन खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(५) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरूमा रकम सार्न परेमा सभाको स्वीकृत लिनुपर्नेछ ।

## अनुसूची १
### (दफा (२) सँग सम्बन्धित)
### नेपालको संविधानको धारा २२९ (२) बमोजिम सञ्चित कोषबाट विनियोजन हुने रकम

रु.हजारमा

| क.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १. | ११ | नगर कार्यपालिका | ६९३,६३८।८० | ४७९९७९।३३ | ०। | ११७३६१८।१३ |
| २. | | वडा समिति | ०। | ०। | ०। | ०। |
| ३. | | विषयगत शाखा | ०। | ०। | ०। | ०। |
| ४. | २ | ऋणको साँवा, व्याज भुक्तानी | ११,५००। | ०। | १७,१६७।३८ | २८,६६७।३८ |
| ५. | | लगानी ( शेयर/ऋण) | ०। | ०। | ०। | ०। |
| जम्मा | १३ | | ७०५१३८।८० | ४७९९७९।३३ | १७,१६७।३८ | १,२०,२२,८५।५१ |

आज्ञाले
दिनेश राज पन्त
प्रमुख प्रशासकीय अधिकृत